पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

नेपाल बौद्ध परियत्ति शिक्षा
स्वर्ण महोत्सव विशेष

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-१३ | बु.सं. २५५७ | बि.सं. २०७० असार १ गते | ने.सं. ११३३ | ई.सं. २०१३

## नेपालमा परियत्ति शिक्षाको संरक्षण र विकास

✍ परियत्ति डेस्क

नेपालमा सर्वप्रथम परियत्ति शिक्षा थालनी गर्ने श्रेय आचार्य भिक्षु बुद्धघोष महास्थविर वि.सं. २०१९ सालमा नुवाकोट जिल्लाको त्रिशुली बजारस्थित सुगतपुर विहारमा वर्षावास बस्नुभएको अवसरमा अनागारिका सुशीलाले र उपासक धर्मरत्न शाक्यले बुद्धजन्मभूमि नेपालमा पनि अन्य एशियाली बौद्ध देशहरूमा जस्तै बुद्धधर्म अध्ययन गर्ने कुनै व्यवस्था नहुँदा नेपाली बौद्ध भिक्षु श्रामणेर, अनागारिकाहरू विदेशमा दुःख, कष्ट भोगी अध्ययन गर्न जानुपर्ने भएकोले स्वदेशमा नै परियत्ति शिक्षाको अध्ययन अध्यापनको व्यवस्थाको लागि आग्रह गरेअनुसार म्यान्मार देशको प्रचलित पाठ्यक्रम हेरी नेपालमा भएका बुद्धधर्म सम्बन्धी पुस्तकहरूको आधारमा कक्षा १ देखि कक्षा ५ सम्मको परीक्षामा राम्रो नतीजा ल्याउने विद्यार्थीहरू, उपासक उपासिकाहरूको अनुरोध बमोजिम बौद्ध परियत्ति शिक्षा कार्यक्रमलाई विकास गर्न भिक्षु बुद्धघोष महास्थविरले अ.ने.भि.महासंघमा प्रस्ताव राख्नुभयो। भिक्षु महासंघबाट संशोधन गरिएको पाठ्यक्रमलाई "अखिल नेपाल भिक्षु महासंघ" को निर्णयानुसार २०२० साल अक्षय तृतीयाको दिन संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ वर्ष लागेको शुभ जन्मोत्सवको उपलक्ष्यमा नेपाल अधिराज्यमा भएका सबै केन्द्रहरूमा बिहानको ८:४५ बजे ने.बौ.परियत्ति शिक्षाको अध्ययन औपचारिक रूपबाट प्रारम्भ गरियो । उक्त समाचार रेडियो नेपालबाट पनि त्यही समयमा प्रसारण गरेको थियो ।

शुरूमा सद्धम्म पालक उपाधिसम्म अध्यापन गरिने ने.बौ.प. शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्म पालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविद सम्मको पाठ्यक्रम तयार गरी उच्च शिक्षा प्रारम्भ गरियो । त्यसलाई संस्थागत गर्न भिक्षु सुदर्शन महास्थविरको देन पनि स्मरण योग्य छ । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने काममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थितरूपले काम कुरा अगाडि बढ्दै गयो । शुरूमा प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश द्वितीय वर्ष सम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा "परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा" सम्म संचालन हुँदै आइराखेको छ ।

परियत्ति शिक्षाको वर्तमान उद्देश्यहरू:

परियत्ति शिक्षाको नियमित अध्ययन/अध्यापनबाट निम्न लिखित उद्देश्यहरू पूरा गर्ने जमर्को गरिएको छ –

- ❖ समाजमा फैलिएको राग, द्वेष र मोहको आगोलाई नियन्त्रण गरी शान्ति स्थापना गर्नको लागि नेपालका सपूत शान्तिन(ायक भगवान बुद्धको सन्देश नेपालको प्रत्येक गाउँ शहरहरूको कुनाकाप्चा सम्म पुऱ्याउने
- ❖ शिक्षालयबाट निस्केका जनशक्तिलाई प्राविधिक र बौद्धिक शिक्षाको साथै मानव धर्मको ज्ञान दिएर अभ्यास गराएर तदनुसारको आचरण गर्न सक्षम व्यक्तिहरू र प्राविधिकहरू तयार गर्ने
- ❖ देशमा आइरहेको विकृतिको कारण आफ्नो असली गुणहरू लुप्त भएर केवल रूढीवादी चालचलनमा सीमित बुद्धधर्मलाई देशका बुद्धधर्मप्रेमी जनतामा धर्मको सक्कली स्वरूप प्रस्तुत गर्ने ।
- ❖ देशमा शान्ति नायक भगवान बुद्धको सन्देश गाउँदेखि देशका कुनाकाप्चामा पुऱ्याउन सक्ने र धर्ममा नेतृत्व दिन सक्ने सबल बौद्धहरू तयार गर्ने ।

उपरोक्त उद्देश्यहरूको पूर्तिको लागि हाल नेपाल बौद्ध परियत्ति शिक्षाले नेपालमा बाल-बालिका, युवाहरूलाई बुद्धधर्म जानी सो अनुसार आचरण गर्न सिकाउनको लागि निम्न व्यवस्थाहरू गरेको छ –

- ❖ विद्यालय स्तरसम्मको बौद्ध शिक्षा दिने पाठ्यक्रम बनाउने र लागु गर्ने । उक्त पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकहरू र सन्दर्भ पुस्तकहरू छपाई वितरण र उपलब्ध गराउने प्रयास गर्ने ।
- ❖ नेपाल बौद्ध परियत्ति शिक्षा प्रसारको लागि केन्द्रहरूको स्वीकृति दिने, निरीक्षण गर्ने र निर्देशन दिने ।
- ❖ उक्त केन्द्रहरूमा सिकाउने शिक्षक, शिक्षिकाहरूलाई तालिम दिने र आवश्यक सरसल्लाह दिने ।
- ❖ ने.बौ.प.शिक्षाबारे जनचेतना जगाउने र आवश्यक आर्थिक, भौतिक तथा अन्य सहयोग जुटाउने ।
- ❖ ने.बौ.प.शिक्षाको बारेमा प्रचारप्रसार गर्ने ।
- ❖ विगत बु.सं. २५३२ मा रजत जयन्ती मनाइएको थियो भने हाल आएर बु.सं. २५५७ मा स्वर्ण जयन्ती नयाँ आयामका साथ मनाउने

**(स्रोत : भिक्षु निग्रोधद्वारा प्रस्तुत कार्यपत्र 'नेपालमा थेरवाद बुद्ध धर्मको ऐतिहासिक पृष्ठभूमि एवं परियत्ति शिक्षाको विकासक्रम' को केही अंश)**

निर्देशक
**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
अग्गमहापण्डित, शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा

सहयोगी
**भिक्षु धर्मगुप्त महास्थविर**
सह-शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा
**भिक्षु निग्रोध स्थविर**
सचिव - नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सव मूल समारोह समिति २०७०

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
केन्द्रिय परिक्षा नियन्त्रक
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**

कम्प्युटर सेटिङ्ग
**विनोद महर्जन**

मुद्रण:
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, फोन: ५००७५६३
पुल्चोक, फोन: २१२०२३५ (शाखा)

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

**सम्पर्क सचिवालय**
**विश्व शान्ति विहार**
**मीनभवन, काठमाडौं**
**मोबाईल नं : ९८४३४२४१०८**
P.O. Box: 8973 NPC 327
E-mail: pariyatti2556@gmail.com
Web: https://sites.google.com/site/pariyattinepal
www.facebook.com /nepalbauddhapariyattishiksha

सम्पादकीय

# त्रिशुली नदी अविरल बगिरहनेछ...

बुद्धभूमि नेपालमा बुद्धशिक्षाप्रति पुनर्जागरण ल्याउने कार्य बि. सं को ८० को दशकमा थेरवादको विकासबाट शुरु भएको भन्दा अत्युक्ति हुने छैन । केहि निश्चित समुदायमा मात्र केन्द्रित बुद्धशिक्षालाई सार्वजनिन गर्ने अभियानको रुपमा विभिन्न ठाउँमा बुद्धपूजा, धर्मदेशना, महापरित्राण हरु काठमाडौ उपत्यका तथा उपत्यका बाहिरका केही ठाउँमा हुन पुग्यो । धर्मको नाउँमा मात्र पूजाआजा र कर्मकाण्डमा अल्झिरहेका मानिसहरु माझ प्रज्ञाज्ञान युक्त जीवनोपयोगी उपदेशहरुको निरन्तरताले अन्धकारमा रुमल्लिरहेका जनमानसमा एक किसिमको मानसिक उत्सुकता जगाउने काम गऱ्यो । कुनैपनि जाति, वर्ग, वर्ण, लिंग र समुदायको भेदभाव नरहेको त्यस गुणधर्मको महिमा नेपाली जनताहरूबीच छोटो समयमै अवगत हुन पुग्यो । अझ नेपालका विभिन्न जातजातिका कुलपुत्र र कूलपुत्रीहरु प्रवजित हुने क्रमले बुद्धधर्म सबैको साझा धर्मको रुपमा प्रस्तुत हुन पुग्यो ।

धर्म प्रचारप्रसारको लागि विभिन्न गतिविधिहरु सम्पादन गर्ने क्रममा एउटा विशेष महत्वपूर्ण सुखद् घटना २०१९ साल तिर घट्नपुग्यो । त्यो महत्वपूर्ण घटना थियो - नेपाल बौद्ध परियत्तिको शुरुवात । नेपालको बागमती अंचल नुवाकोट जिल्लाको त्रिशुलीमा हुनपुगेको त्यस घटनाका सुत्राधारहरु थिए- दिवंगत पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर, अनागारिका सुशीला र धर्मरत्न त्रिशुली । बर्षावासको क्रममा तीन महिनाको लागि आईपुग्नुभएका भिक्षु बुद्धघोष महास्थविर समक्ष धर्मरत्न शाक्य 'त्रिशुली'बाट बुद्धधर्म अध्ययन गर्नको लागि परियत्ति शिक्षाको संचालनको लागि प्रार्थना गर्नु भएको थियो र अनागारिका सुशीला सहितको पहलमा त्रिशुलीमा परियत्तिको शुभारम्भ भएको थियो । यसरी त्रिशुली नदीको किनारामा अवस्थित सुगतपुर विहार परियत्तिको उद्‌गमस्थल हुनपुगेको छ ।

नेपालको एक सानो शहरमा विजारोपन भएको यस शिक्षा अहिले हाँगाबिंगा सहितको रुखको रुपमा नेपालका विभिन्न ठाउँहरुमा फैलँदै आज पचास बर्षमा पदार्पण भैसकेको छ । जनस्तरबाट शुरुवाट भएको यस शिक्षा निरन्तर रुपमा कुनै बाधा अड्चन विना त्रिशुली नदी झैं अविरल बग्दै आज ५० वर्ष भैसकेको छ । परियत्तिलाई अझ गति प्रदान गर्न परियत्ति स्वर्ण महोत्सवको रूपमा वर्षभरी नै विभिन्न क्रियाकलाप गर्दै मनाउने कार्यक्रम भईरहेको छ । परियत्ति शुभारम्भ भएको यस पावनभूमीमा स्वर्णमहोत्सबको उद्‌घाटन कार्यक्रम हुनगईरहेकोलाई एउटा सुखद् संयोगको रुपमा लिन सकिन्छ ।

त्रिशुलीबाट शुरु भएको परियत्तिको धर्मचक्र आज नेपालका विभिन्न ठाउँमा प्रवेश गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ । काठमाडौं उपत्यकाका विभिन्न विहारहरुका साथै पूर्वमा धरान, मध्यमाञ्चलमा काभ्रे, पश्चिममा तानसेन र लुम्बिनीका साथै सुदुर पश्चिममा समेत यस शिक्षाले प्रवेश पाई सकेको छ । अबको यो पचास बर्षको स्वर्ण महोत्सबले त यस शिक्षालाई देशव्यापी गर्नुपर्ने महशुस सबैले गरिरहेको छ र परियत्ति शुरुवात भएको यस त्रिशुलीबाट हुने शुभारम्भ कार्यक्रम पश्चात समग्र नेपालको कुनाकाप्चामा परियत्तिको प्रवेश गराउनको लागि आवश्यक उर्जा प्राप्त हुनेमा विश्वस्त हुन सकिन्छ ।

परियत्तिले उत्पादन गरेका जनशक्तिहरुले विभिन्न नयाँ बौद्ध गतिविधिलाई शुरु गर्नुका साथै बुद्धशिक्षालाई संस्थागत गर्न गरेको प्रयास स्वरुप नै आज नेपालमा बुद्धशिक्षाका विभिन्न विधाहरुमा उच्चशिक्षा संचालनमा आइसकेका छन् । यसकारण आजको बौद्ध शिक्षा अध्ययन गर्ने अवसर नेपाली जनताहरुले प्राप्त गर्न सक्नुमा परियत्तिको पनि महत्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ ।


त्रिशुलीबाट शुरु हुने उद्‌घाटन पश्चात दीर्घकालमा प्रभाव पार्ने विभिन्न क्रियाकलापहरु बर्षभरीनै निरन्तररुपमा संचालन हुनेछ । परियत्ति विद्यार्थीहरुलाई एकसूत्रमा बाँध्ने अतिरिक्त क्रियाकलापहरु, परियत्तिको महत्व दर्शाउने खालका विभिन्न बौद्धिक क्रियाकलापहरु, मुलुकभित्र र बाहिरका जनसमुदायहरुमा नेपालमा भईरहेको परियत्तिको जानकारी दिँदै हुने विभिन्न कार्यक्रमहरुले नेपालमा थेरवाद बुद्धधर्म प्रचारको लागि महत्वपूर्ण अवसर हुनेछ । बुद्धधर्मप्रति श्रद्धाराख्ने र धर्मप्रचारमा अभिरुचि राख्ने बुद्धको सन्देशबाट समग्र मानवकल्याण हुन्छ भन्ने विश्वासका साथ लागिपर्ने सबैले बर्षभरिका उक्त कार्यक्रमहरुलाई आफ्नै ठानी यसको सफलताको लागि सहभागी भएर, सक्दो सहयोगको हात बढाएर भव्यरुपमा सफल बनाउन अगाडी बढ्ने अपेक्षा गरिएको छ ।

**- त्रिरत्न मानन्धर**

नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापकत्रय दिवंगत संघनायक भिक्षु बुद्धघोष महास्थविर, अनागारिका सुशीला तथा धर्मरत्न शाक्य "त्रिशुली" मा निर्वाण कामनाका साथ कृतज्ञता अर्पण गर्दछौं ।

**नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सव मूल समारोह समिति २०७०**

## पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर




जन्म मिति - बि.सं. १९७८ आश्विन एकादशी, दिवंगत - २०६८ आश्विन ७ गते
स्थान - ठँहिटी, झ्वाबहाः, काठमाडौं
गृहस्थी नाम - सप्तरत्न बज्राचार्य
बुबाको नाम - पूर्णनन्द बज्राचार्य
आमाको नाम - सूर्यप्रभा बज्राचार्य
प्रव्रजित भएको दिन - बि.सं. १९९७ माघ पूर्णिमा
प्रव्रजित भएको ठाउँ - कुशीनगर, भारत
आचार्य - संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर
उपाध्याय - भिक्षु चन्द्रमणि महास्थविर
उपसम्पदा भएको दिन - बि.सं. २००० असार शुक्ल सप्तमी
उपाध्याय - अग्गमहापण्डित ऊ. केतुमाला महास्थविर
केन्द्रीय परीक्षा नियन्त्रक हुनुभएको - बि.सं. २०२१
संघनायक हुनुभएको - बि.सं. २०६०
उल्लेखनीय योगदान -
- बौद्ध परियत्ति आजीवन शिक्षाध्यक्ष
- अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष
- बौद्ध साहित्यमा २५ वटा भन्दा बढी कृतिहरु रचना

## अनागारिका सुशीला



जन्म मिति - बि.सं. १९७२ साल फाल्गुण पूर्णिमा, दिवंगत : २०५७ फागुन ९ गते
स्थान - टक्सार, भोजपुर
गृहस्थी नाम - आशमाया शाक्य
बुबाको नाम - पुर्णरत्न शाक्य
आमाको नाम - शुभलक्ष्मी शाक्य
प्रव्रजित भएको दिन - बि.सं. २००१ पौष पूर्णिमा
प्रव्रजित भएको ठाउँ - कुशीनगर, भारत
आचार्य - भिक्षु चन्द्रमणि महास्थविर
योगदान -
- ११ वटा बौद्ध कृतिहरु
- परियत्ति शिक्षाका लागि विभिन्न कक्षाका लागि पाठ्यपुस्तकहरु लेखन ।
- परियत्ति परीक्षामा बढी अंक ल्याउने महिलाहरुलाई पुरस्कार वितरण ।

## धर्मरत्न शाक्य "त्रिशूली"



पिताको नाम - गजरत्न शाक्य
माताको नाम - अष्टमाया शाक्य
जन्म मिति - बि.सं. १९८७ मार्गशुक्ल चौथी
स्थायी ठेगाना - झतापोल ताजाःफः, ललितपुर
दिवंगत - बि.सं. २०६३ माघकृष्ण षष्ठी (पौष २५ गते मंगलबार)
योगदान -
- ७३ वटा बौद्ध साहित्यका पुस्तकहरू लेखन
- ज्ञानमाला भजनमा विशेष योगदान
- बौद्ध चलचित्रहरू चाण्डालिका, अंगुलिमाल र पटाचाराको लेखन
- विभिन्न बौद्ध संघ-संस्थाहरूमा संलग्नता
- कोविद उत्तीर्ण भएकालाई स्वर्ण पदक सौजन्य

# नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सव मूल समारोहका कार्यक्रमहरू - २०७०

सम्पन्न कार्यक्रमहरु :

- परियत्ति धम्म कप २५५६ सम्पन्न गत २०६९ चैत्र २४ गते बाट २८ सम्म सम्पन्न । आयोजक - अमृत धम्म परियत्ति केन्द्र तथा मातातीर्थ परियत्ति केन्द्र ।
- परियत्ति दीक्षान्त समारोह सम्पन्न, २०६९ चैत्र ३१ गते, बुलेटिन प्रकाशन
- परियत्ति केन्द्रका शिक्षकशिक्षिकाहरुलाई टि.पि.डी तालिम, शैक्षिक तालिम केन्द्र, धुलिखेल, २०७० बैशाख १० देखि २० सम्म (उपत्यका भित्र)
- परियत्ति केन्द्रका शिक्षकशिक्षिकाहरुलाई टि.पि.डी तालिम, शैक्षिक तालिम केन्द्र, दमौली, तनँहु २०७० बैशाख १५ देखि २५ सम्म (उपत्यका बाहिर)
- अक्षय तृतियाको उपलक्ष्यमा बैशाख २४ देखि ३१ सम्म प्रव्रज्या कार्यकम , आयोजक, शाक्यसिंह विहार
- शिक्षक शिक्षिका तालिका कार्यक्रम (नयाँ केन्द्रको विस्तार र स्थापना) २०७० जेष्ठ १५ देखि १८ गते सम्म विश्व शान्ति विहार तथा धम्मकाय फाउण्डेशन गोदावरीमा सम्पन्न

उद्घाटन कार्यकम

- मिति २०७० जेठ ३१ गते शुकवार काठमाडौंबाट प्रस्थान गरि त्रिशुली सुगतपुर विहारमा भेला हुने ।
- २०७० असार १ गते शनिवार स्वर्ण महोत्सव शुभारम्भ, त्रिशुली विहार

वर्ष भरी गरिने भावि कार्यक्रमहरु

१. **अतिरिक्त क्रियाकलापहरू**

- परियत्ति गानको तयारी गर्ने
- हाजिरी जवाफ
- निबन्ध प्रतियोगिता
- कविता वाचन
- वक्तृत्वकला
- चित्रकला
- नाटक प्रदर्शन
- नृत्य प्रतियोगिता
- शिक्षक शिक्षिका तालिम कार्यकम
- धम्मपद वाचन प्रतियोगिता

२. **प्रकाशन कार्य**

- जीवनी
- ब्रोसर
- स्मारिका
- सी.डी.
- बुलेटीन
- टीसर्ट
- पम्प्लेट

३. परियत्ति गोष्ठी कार्यक्रम
४. धर्मदूत सम्मेलन
५. परियत्ति जागरण कार्यक्रम
६. परियत्ति विशारद कार्यशाला गोष्ठी
७. सम्मान कार्यक्रम
८. परियत्ति ध्यान शिविर
९. समापन कार्यक्रम

स्वर्ण महोत्सवका लागि प्रस्तावित उप-समितिहरु

१. समुद्घाटन व्यवस्थापन उप-समिति
२. आर्थिक उप-समिति
३. खाद्य उप-समिति
४. प्रकाशन उप-समिति
५. परियत्ति जागरण उप-समिति
६. परियत्ति ध्यान शिविर उप-समिति
७. धम्मदुत सम्मेलन उप-समिति
८. गोष्ठी उप-समिति
९. अतिरिक्त क्रियाकलाप उप-समिति
१०. प्रचारप्रसार उप-समिति
११. कोविद समूह उप-समिति
१२. प्रगति विवरण तथा आलेखण उप-समिति
१३. परियत्ति विशारद कार्यशाला गोष्ठी उप-समिति
१४. प्रशिक्षण तालिम उप-समिति
१५. स्वयंसेवक परिचालन उप-समिति
१६. समापन समारोह उप-समिति

**नेपाल बौद्ध परियत्ति शिक्षा परियत्ति स्वर्ण महोत्सबको संगठनात्मक ढाँचा**

धम्मानुशासक

↓

अध्यक्ष

↓

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद सहित भिक्षुहरु, अनागारिकाहरु, बौद्धपरियत्तिका केन्द्राध्यक्षहरु, बौद्धविद्वानहरु, कोविद, परियत्तिकर्मीहरु र विभिन्न बौद्ध संघसंस्थाका प्रतिनिधिहरु समावेश भएको १५० जनाको मूल समिति

↓

कार्यकम सम्पादन गर्न गठित उपसमितिहरु